चिङ्गाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश नेपाल

## औषधी तथा औषधीजन्य सामान खरिद सम्बन्धी शीलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक सुचना प्रकाशित मितिः २०७७/०६/०९**

यस गाउंपालिकामा चालु आ.ब.२०७७/७८ को लागि आवश्यक औषधी तथा सर्जिकल सामानहरु शीलवन्दी दरभाउपत्र माध्यमद्वारा खरिद गर्नु पर्ने भएकोले सम्वन्धीत कानुनी इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति, फर्म तथा कम्पनीहरुको लागि निम्न शर्तहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित गरिएको छ।

१. प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको (मिति २०७७।०६।२३) कार्यालय समयसम्म शिलवन्दी दरभाउपत्र फारम दस्तुर रु.१,०००।- (अक्षरुपी एक हजार मात्र) (पछि फिर्ता नहुने) नगदै तिरी वा यस कार्यालयको सानीमा बैंक लिमिटेड चिंगाड शाखामा रहेको **ग-१.१ आन्तरिक राजस्व खाता नं.०६९०१००४०००००००५** मा दाखिला गरेको भौचर पेश गरी खरिद गर्न चालु आ.व.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यबसायी प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी रु.१०।- को टिकट टाँसी यस गाउंपालिकाको कार्यालय अवलचिङ्ग, सुर्खेतमा निवेदन पेश गर्न सकिनेछ।

२. यो सूचना प्रकाशित भएको १६ औं दिन अपरान्ह दिनको १२:०० बजेभित्र रितपूर्वक शीलवन्दी दरभाउ पत्र दर्ता गर्न सकिनेछ। शीलवन्दी दरभाउपत्र पेश गर्दा कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको र कुनै पनि शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन। दर्ता भएका शीलवन्दी दरभाउपत्र १६ औं दिनको २:०० बजे यस चिंगाड गाउँपालिकाको कार्यालयमा खोलिनेछ। शीलवन्दी दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

३. शीलवन्दी दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर यस गाउँपालिको सानिमा बैक चिंगाड शाखा सुर्खेतमा रहेको **धरौटी खाता नं.०६९०१००२००००००४५** मा जम्मा गरेको सक्कलै भौचर वा 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानूनले तोकेको मान्य अवधि भएको बैंक ग्यारेन्टी (विड बन्ड) शीलवन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

४. शीलवन्दी दरभाउपत्र साथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र, Surgical Items को हकमा नविकरण गरिएको ISO प्रमाण पत्र र औषधी ब्यबस्था बिभागबाट प्राप्त नविकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ।

५. सुई, धुलो र झोल औषधी बाहेक सर्म्पूण औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ। बोतलमा आपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ। कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्रदाताले नै ब्यहोर्नु पर्नेछ।

६. आपूर्ति हुने औषधीको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ। तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अबस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ।

७. सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४०(ङ) अनुसार दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्ताबित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय संबन्धी कसुरमा सजाय नपाएको भनी लिखित घोषणा भएको कागजात शिलवन्दीसाथ पेश गर्नु पर्नेछ।

८. विदेशी औषधीको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ।

९. बोलपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरेको सक्कल आधिकारिक पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र पेश गर्नु पर्नेछ।

१०. बोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ। केरमेट भएको खण्डमा त्यस्तो ठाउँमा आधिकारीक दस्तखत गरेको हुनुपर्नेछ। बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ। बोलपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट पेश गर्नुपर्नेछ।

११. बोलपत्रमा उल्लेखित औषधीको परिमाण आवश्यकता अनुसार थपघट गर्न सकिनेछ।

१२. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रचलित नेपालको कानून अनुसार हुनेछ। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

तपसिल

| सि.नं | शिलवन्दी दरभाउ पत्र नं | बिबरण | ईस्टिमेट अंक रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | SQ/CRM/PME/077-78/01 | औषधी तथा औषधीजन्य सामानहरु खरिद | रु.१२,००,००० | ३६,००० | |

प्रमुख प्रशासकीय अधिकृत

धुब प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत